शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७९/१२/५ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. उद्योग सम्बन्धि कार्यक्रम सम्बन्धमा ।

२. अपाङ्ग समन्वय समितिमा सदस्य तोक्ने सम्बन्धमा ।

३. खेलकुद संचालन सम्बन्धमा ।

४. योजना संसोधन सम्बन्धमा ।

५. कोन्द्रे खोला आय ठेक्का व्यवस्थापन सम्बन्धमा ।

६. डोहोटे भंगाला सडक ग्राभेल सम्बन्धमा ।

७. बाल विकास केन्द्र संचालन अनुमती सम्बन्धमा ।

८. जुम लोकसेवाको कलास संचालन गर्ने सम्बन्धमा ।

९. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

१० गुड्रुङ्गखोला रानिकुवा क्षेत्रमा जम्मा भएको नदिजन्य पदार्थ हटाउने सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा नगरपालिकाले उद्योग सम्बन्धि कार्यक्रम संचालन शिर्षकमा विनियोजन भएको रु २० लाख रकमबाट यस नगरपालिकाको निम्न वडामा तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो

तपशिल

१. थाकलबाट तयार हुने स्थानीय सामग्री उत्पादन सम्बन्धि तालिम शिनपा ६ मा गर्न रु ४ लाख ।

२. कपडा बुनाई सम्बन्धित तालिम प्रत्येक वडाबाट कम्तिमा १ जना सहभागी हुने गरी २० जनालाई ठाडामा आवासीय सहित संचालन गर्न रु १६ लाख । (व्यवसायीक रुपमै कपडा बुनी जीवन यापन गर्न सक्ने तथा तालिम प्रदान गर्न सक्ने गरी क्षमता विकास गर्ने सम्म बनाउने)

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको अपाङ्ग सम्बन्धि कार्यविधिको दफा ४२ को (ख) मा रहेको व्यवस्था बमोजिमको नगर कार्यपालिकाको महिला सदस्यहरु मध्येबाट सदस्यमा कार्यपालिकाका महिला सदस्य कमला परियारलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.मा युवाहरुको लागि खेलकुद तथा युवा लक्षित कार्यक्रम मेयर उपमेयर कप खेलकुद कार्यक्रम मिति २०७९/१२/९ देखि ११ गते सम्म गर्ने र उक्त कार्य गर्न तपशिल बमोजिमको खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक :- शिक्षा शाखा प्रमुख शितगंगा नगरपालिका

सदस्य :- कमल पौडेल शिनपा

सदस्य :- ऋषिराम घिमिरे शिनपा

सदस्य :- चिरन्जीवी बेल्वासे शिनपा

सदस्य :- झनक के.सी. शिनपा

सदस्य :- योगराज पल्ली शिनपा

सदस्य :- सुदन राना शिनपा

सदस्य :- विष्णु क्षेत्री शिनपा

सदस्य :- खिम बहादुर अधिकारी शिनपा

सदस्य :- जुन बहादुर पुलामी शिनपा

सदस्य :- गणेश रेश्मी शिनपा

सदस्य :- रातो प्रेस प्रमुख/प्रतिनिधि

सदस्य :- रेडियो शितगंगा प्रमुख/प्रतिनिधि

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा एघारौ नगरसभा तथा कार्यपालिका बैठकबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजना तथा कार्यक्रमहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| दलित महिला जातिय भेदभाव सम्बन्धि अर्न्तक्रिया कार्यक्रम (२०७९/११/३० ) | १००००० | मिडियासँग जनप्रतिनिधि संबाद/अर्न्तक्रिया कार्यक्रम | ५०००० | प्रदेश राजश्व |
| | | मदन आश्रृत स्मृती भवन निर्माण | ५०००० | प्रदेश राजश्व |
| एकल महिलाको लागि हिल टंकी वितरण (६० वर्ष माथिका) (२०७९/११/३० ) | २००००० | मदन आश्रृत स्मृती भवन निर्माण | २००००० | प्रदेश राजश्व |
| शिनपा १३ वडाको डकुमेन्ट्री निर्माण १३ ( २०७९/११/१९) | ३००००० | शिनपा १३ वडाको प्रोफाईल निर्माण | ३००००० | संघीय समानिकरण |

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आय संकलन अन्तर्गत शिनपा १२ मा पर्ने कोन्द्रे खोलाको ठेक्का व्यवस्थापन मार्फत आय संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १२ मा पर्ने डोहोटे भंगाला मोटर बाटो ग्राभेल गर्न आवश्यक पर्ने मिस्कट ग्राभेल वडा नं. १२ कै पायक पर्ने खोलाबाट निकाली ग्राभेल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको बेलखोलामा विद्यालयको पहुँच नहुदा विद्यालय जाने उमेर समुहका विद्यार्थिहरु शिक्षाबाट बंचित हुनु परिरहेको अवस्थामा स्थानीय वासीले आफ्नै श्रोतबाट संचालन गर्दै आएको जनशिक्षा बाल विकास केन्द्र शिनपा ११ संचालनको लागि तीन वर्ष सम्म यस नगरपालिकाको आर्थिक दायित्व नहुने गरी स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाकोले विभिन्न लक्षित वर्ग तथा नगरबासीलाई लक्षित गरी आत्मनिर्भर र सक्षम बनाउने उदेश्यले ३ महिने जुम प्रविधि मार्फत लोकसेवाका कक्षा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस शितगंगा नगरपालिका वडा नं. ११ मा पर्ने गुड्रुङ्ग खोला रानिकुवा क्षेत्रमा बुद्धभुमी नगरपालिका वडा नं. १ महेन्द्रकोटको सिंचाई कुलोको बाध तथा कुलो मर्मत गर्दा निस्केको नदिजन्य पदार्थ र सोही क्षेत्रमा नदिजन्य पदार्थ डम्पीङ्ग भई खोलो उकास हुन गई यसै न.पा. वडा नं. ११ र १२ को खोला किनाराका जग्गा तथा वस्तीलाई निकै जोखिम भएकोले उक्त क्षेत्रको नदिजन्य पदार्थ हटाउन नगर स्तरीय विपद समितिबाट समेत निर्णय भई आएकोले उक्त जम्मा भएको नदिजन्य पदार्थ हटाउने व्यवस्थाको लागि जिल्ला विपद समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

आजको बैंठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न भयो ।